मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
कलैया, बारा

फोन नं.: ०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

## प्राङ्गारिक मल/सुक्ष्मतत्व/विषादी आपुर्तिका लागि शिल्बन्दी सुचिकृत हुने सम्बन्धि सुचना

(प्रथम पटक प्रकाशित मितिः २०८१।०७।३०)

यस कार्यालयको चालु आ.ब. २०८१।८२ को बार्षिक स्वीकृत विभिन्न कार्यक्रम रहेकोमा भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश (मा. मन्त्रीस्तरीय) निर्णयानुसार लागु भएको कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ तथा कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ बमोजिम सो कार्यक्रम अन्तर्गत प्राङ्गारिक मल/सुक्ष्मतत्व /विषादी आदी अनुदानमा वितरण गर्नुपर्ने भएकोले सो सामाग्री उपलब्ध गराउन योग्यता पुगेका ईजाजत प्राप्त संस्था, फर्म तथा कम्पनीबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजपत्र सहित मिति २०८१।०९।०१ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ। रीतपुर्वक समयभित्र प्राप्त शिल्बन्दि प्रस्ताव सोही दिन (२०८१।०९।०१) दिनको २:०० बजे आपुर्तिकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको रोहवरमा शिल्बन्दि प्रस्ताव खोलिनेछ। आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दि प्रस्ताव खोल्न बाधा पर्ने छैन।

आवश्यक कागजात तथा शर्तहरु

१. आपुर्तिकर्ताले प्राङ्गारिक मल/ सुक्ष्मतत्व / विषादी आदी बिक्री वितरणका लागि ईजाजतपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ।
२. योग्यता पुगेका ईजाजत प्राप्त संस्था, फर्म तथा कम्पनीले दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, फर्म नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनि भएमा कम्पनि रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने, PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, पछिल्लो आ.ब. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्ने छ।
३. पछिल्लो तीन आ.ब. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी।
४. प्राङ्गारिक मल तथा बायोफर्टिलाईजरको हकमा आपुर्तिकर्ताले आधिकारिक प्रयोशालाबाट जारि भएको प्रयोगशाला परिक्षण रिपोर्ट समेत पेश गर्नुपर्ने छ।
५. आपुर्तिकर्ताले नेपाल सरकारको आधिकारिक निकायबाट प्राङ्गारिक मल/ सुक्ष्मतत्व/ कृषि चुन/ बायोफर्टिलाईजर/ विषादीको लागि तोकिए बमोजिमको मापदण्ड एवं न्यून्तम गुण्स्तर पुगेको सामाग्री मात्र आपुर्ती गर्नुपर्ने छ।
६. आपुर्तिकर्ताले प्राङ्गारिक मल/सुक्ष्मतत्व/कृषि चुन/बायोफर्टिलाईजर/विषादी आपुर्ति गर्दा नेपाल सरकारको आधिकारिक निकायबाट सुचिकृत भएको प्राङ्गारिक मल/सुक्ष्मतत्व/कृषि चुन/बायोफर्टिलाईजर/विषादी मात्र आपुर्ति गर्नुपर्ने छ।
७. आपुर्तिकर्ताले शिलबन्दि प्रस्ताव पेश गर्दा सम्पूर्ण खर्च समावेश गरि पेश गर्नुपर्नेछ र कृषि ज्ञान केन्द्र, बारा सम्म ढुवानी गर्नुपर्नेछ तर ढुवानी वापत थप रकम उपलब्ध गराईने छैन्।

**कृषि प्रसार अधिकृत**

CamScanner

८. एउटै आपुर्तीकर्ताले सबै सामाग्री वा फरकफरक आपुर्तिकर्ताले फरक फरक सामाग्रीको लागि शिलबन्दी प्रस्ताव दर्ता गर्न सक्नेछन्।

९. कार्यालयले सुचिकृत गरेका आपुर्तिकर्ताहरुबाट सम्बन्धित लाभग्राहीहरुले आफ्नो ईच्छा अनुसारको प्राङ्गारिक मल/सुक्ष्मतत्व/कृषि चुन/बायोफर्टिलाईजर/विषादी आदी खरिद गर्न सक्नेछन र सम्बन्धित आपुर्तिकर्ताले लाभग्राहीहरुबाट सम्पुर्ण रकम लिई मात्र सो सामाग्रीहरु उपलब्ध गराउनु पर्ने छ। साथै अनुदान बापतको रकम कार्यालयले सम्बन्धित लाभग्राहीको खातामा भुक्तानी गर्नेछ।

१०. प्राङ्गारिक मल/सुक्ष्मतत्व/कृषि चुन/बायोफर्टिलाईजर/विषादीको कारणले उत्पादनमा क्षति भएमा प्रचलित कानुन बमोजिमको क्षतिपुर्ति सम्बन्धित आपुर्तिकर्ताले व्यहोर्नु पर्ने छ।

११. प्रस्ताव स्वीकृत गर्ने, नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१२. विस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

१३. अन्य व्योहोरा प्रचलित कानुन बमोजिम हुनेछ।

कृषि प्रसार अधिकृत

CamScanner